# किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७) किस्पाङ गाउँपालिका, पौष महिना ०६ गते, २०८० साल संख्याः ११

## भाग २

## किस्पाङ गाउँपालिका


किस्पाङ गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०८।२५

प्रमाणिकरण मितिः २०८०/०९/०६

# कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः**

स्थानीय सरकारलाई जनताप्रति उत्तरदायी बनाउन, सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन, नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म अनुरुप कर्मचारीलाई स्थानीय सरकारप्रति प्रतिबद्ध गराई कर्मचारी सन्तुष्टि अभिवृद्धि र कार्यसम्पादनमा प्रभावकारिता हासिल गराउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी किस्पाङ गाउँपालिकाले "कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८०" लागू गरिएको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नामः यस कार्यविधिको नाम कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८० रहनेछ ।

२. यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ।

## परिच्छेद-२
## परिभाषा

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "प्रोत्साहन भत्ता तथा फिल्ड भत्तासम्बन्धी कार्यविधि" भन्नाले **किस्पाङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि,** २०८० लाई सम्झनु पर्दछ ।

ख) गाउँपालिका भन्नाले नेपालको संविधान अनुरुप निर्माण भएको किस्पाङ गाउँपालिका, नुवाकोटलाई सम्झनु पर्छ ।

ग) प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता भन्नाले तोकिएको कर्मचारीलाई तोकिएको काम गरेबापत प्रोत्साहन स्वरुप दिने सुविधालाई सम्झनु पर्छ ।

परिच्छेद- ३

वित्तीय स्रोत व्यवस्थापन

४. यस कार्यविधि बमोजिम प्रदान गरिने प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट प्राप्त आम्दानी बाट मात्र उपलब्ध गराउनु पर्नेछ ।

५. प्रोत्साहन भत्ता कार्य संचालन निर्देशिका बमोजिम तथा फिल्ड भत्ता फिल्ड निरिक्षण फारम बमोजिम प्रदान गरिनेछ ।

६. कर्मचारी प्रोत्साहन भत्ता किस्पाङ गाउँपालिका कार्य संचालन निर्देशिका २०८० बमोजिम हुनेछ । फिल्डमा खटिने कर्मचारीले फिल्ड आदेश स्वीकृत गरि **फिल्ड भत्ता** प्रतिदिन प्रोत्साहन भत्ता बराबर पाउने छन् ।

७. प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता प्राप्त गर्दा कर्मचारीले दैनिक भ्रमण भत्ता दाबी गर्न पाउने छैन ।

८. फिल्ड आदेश अनुसुचि १ बमोजिम हुनेछ। आदेश प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नु पर्नेछ।प्रमुख प्रशासकीय अधिकृतको फिल्ड आदेश पनि प्रमुख प्रशासकीय अधिकृतले नै स्वीकृत गर्न सक्नेछ।

परिच्छेद -४

संशोधन तथा परिमार्जन

९. किस्पाङ गाउँपालिका कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता भत्ता सम्बन्धी कार्यविधि,२०८० लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

परिच्छेद-५

बचाउ तथा खारेजी

१०. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ सँग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

११. किस्पाङ गाउँपालिका कार्य संचालन निर्देशिका २०८० बमोजिम प्रोत्साहन भत्ता सम्बन्धी हालसम्म भए गरेका सम्पुर्ण काम कारवाही यसैं कार्यविधी बमोजिम भएको मानिनेछ।

**आज्ञाले**

**केदार प्रसाद खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**

अनुसूची-१

दफा ८ सँग सम्बन्धित

फिल्ड आदेश फारम

विषयः फिल्ड निरीक्षण सम्बन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
किस्पाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, काहुले, नुवाकोट ।

प्रस्तुत विषयमा, मिति २०... साल ........महिनामा यस गाउँपालिका अन्तर्गतका निम्न वडाका कार्यक्रम तथा आयोजनाहरुको निम्नानुसारको फिल्ड भ्रमण गरिएको व्यहोरा अनुरोध छ ।

| क्रसं. | फिल्ड भ्रमण गरिएको वडा नं. र ठाउँ | योजनाको तथा कार्यक्रमको नाम | मिति | उद्देश्य | प्रतिवेदन पेश गरेको/नगरेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| | | | | | | |

<u>पेश गर्ने</u>

कर्मचारीको नामः

पदः

हस्ताक्षरः

मितिः

<u>सदर गर्ने</u>

कर्मचारीको नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

हस्ताक्षरः

मितिः